नेपाल सरकार, उद्योग विभागबाट इजाजत पत्र प्राप्त र कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

तानसेन सिमेन्ट

# पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड
# Palpa Cement Industries Limited

**रजिष्टर्ड कार्यालय :** का.म.न.पा. वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, नेपाल

**उद्योग रहेको स्थान :** सुनुवल, आदर्श ७, नवलपरासी

फोन नं. +९७७-१४१०१६८५/+९७७-१४१०१६८६, इमेल: info@rmcnepal.com वेभसाइट: www.tansencement.com

## साधारण शेयरको निष्काशन तथा बिक्री बन्द सम्बन्धी सूचना

पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेडले आफ्नो जारी पूँजी रु. ३,७५,००,००,०००/- को २०% अर्थात् रु. ७५,००,००,०००/- रकम बराबरको रु. १००/- अंकित दरको ७५,००,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये उद्योग प्रभावित क्षेत्र पश्चिम नवलपरासी (साविकको नवलपरासी जिल्ला), खानी रहेको क्षेत्र पाल्पा जिल्ला र रुपन्देही जिल्लाको देवदह नगरपालिकाको स्थानिय बासिन्दाहरुलाई जारी पूँजीको ५% अर्थात रु. १८,७५,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको १८,७५,००० कित्ता साधारण शेयर बाँडफाँड गरि बाँकी रहेको १५% अर्थात रु. ५६,२५,००,०००/- रकम बराबरको रु. १००/- अंकित दरको ५६,२५,००० कित्ता साधारण शेयरको १०% अर्थात ५,६२,५०० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित नियकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको लागि तथा ५% अर्थात २,८१,२५० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र ५% अर्थात २,८१,२५० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुका लागि बाँडफाँड गरे पश्चात् बाँकी रहेको ४५,००,००० कित्ता शेयर सर्वसाधारणका लागि मिति २०८२ फागुन १२ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा बढी शेयर खरीदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ फाल्गुण १५ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ फाल्गुण १५ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

| दरखास्त दिन पाउने न्यूनतम कित्ता : १० | दरखास्त दिन पाउने अधिकतम कित्ता : १,००,००० |
|---|---|

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने**

**नेटवर्थ सम्बन्धी विवरण:**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर नेटवर्थ रु. | १३०.१३ | १३२.४९ | १३५.७४ | १३५.९६ | १४४.२० | १५२.५६ |
| प्रति शेयर नेटवर्थ रु. (पुर्नःमुल्यांकन कोष बाहेक)* | ११४.०१ | ११६.३६ | ११९.६२ | १२३.०६ | १३१.३० | १३९.६६ |
| प्रति शेयर आम्दानी रु. | १.३१ | २.३४ | ३.२५ | ८.८० | ८.१४ | ८.२६ |
| जगेडा तथा कोषहरु (रु.हजारमा) | ९०३,८४७ | ९७४,५५१ | १,०७२,१९६ | १,३४८,५३३ | १,६५७,३८६ | १,९७१,०७५ |

* लेखापरिक्षकद्वारा प्रमाणित नेटवर्थ सम्बन्धी विवरण ।

| आयोजनाको नाम | नेट प्रेजेन्ट भ्यालु (NPV) | इन्टरनल रेट अफ रिर्टन (IRR) | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि |
|---|---|---|---|---|
| पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | १,२९९.८७ करोड | १३.७८५ | ६ वर्ष ८ महिना | ९ वर्ष १२ महिना |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड (Infomerics Credit Rating Nepal Ltd.) बानेश्वर हाईट, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२ जेष्ठ २ गते [IRN BB+ (Is) [Double B Plus (Issuer)] प्रमाणपत्र प्राप्त गरेको छ । जसले Moderate risk of default regarding timely servicing of financial obligations. Such issuers carry moderate credit risk भन्ने जनाउंदछ । इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले "IRN AAA (Is)" देखि "IRN D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड "IRN AAA (Is) ले बलियो आधार जनाउँछ भने IRN D (Is) ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यस सम्बन्धी विवरण पत्रको दफा ग.२२ (ट) पृष्ठ ५५ उल्लेखि गरिएको छ ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८२/०२/०२ | क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८३/०१/२९

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**निष्काशन तथा बिक्री प्रबन्धक :**

**NABIL INVESTMENT BANKING LTD.**

(A Subsidiary of Nabil Bank Ltd.)

**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोन: ४५११६०४, ४५११७३३

इमेल: info@nabilinvest.com.np, वेवसाइट: www.nabilinvest.com.np

मिति २०८२ फाल्गुण १५ गतेको ........ प्रकाशित गर्ने